आज मिति २०८० साल अषाढ ०९ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष | |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | |
| २४ | श्री कृष्ण प्रसाद जैसी | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | दल बहादुर घर्ती | अधिकृत छैठौं | |
| २६ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत छैठौं | |
| २७ | सुधा हमाल | अधिकृत छैठौं | |
| २८ | प्रकाश बटाला | अधिकृत छैठौं | |
| २९ | सनत दवाडी | सहायकस्तर पाचौं | |
| ३० | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| ३१ | खेम बहादुर पुन | ग.स्वामी | |
| ३२ | दिप बहादुर खत्री | -''- | |

| | | | |
|---|---|---|---|
| ३१ | सुर्य प्रसाद लम्साल | सूचना तथा प्रविधि अधिकृत | |
| ३२ | केदार बहादुर कार्की | सहायक स्तर चौथो | |
| ३३ | श्रवण कुमार शर्मा | आ ले प | |
| ३४ | कृति ब. थापा | ना. सु | |
| ३५ | केशव राज रत्न | अमिन | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**निर्णयहरु**

१. बजेट तर्जुमा समितिको मिति २०८०।३।७ गतेको निर्णयानुसार आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि सिफारिस भई आएकोमा केही संशोधन सहित तपसिल बमोजिमको नीति, कार्यक्रम तथा बजेट स्वीकृतिका लागि नगर सभामा पेश गर्ने।

क. आ. व. २०८०।८१ को कुल अनुमानित आयः

| क्र स | आम्दानी श्रोत | आ.व २०७८।०७९ यथार्थ | आ.व २०७९।०८० को संशोधित अनुमान | आ.व २०८०।०८१ प्रस्तावित अनुमान |
|---|---|---|---|---|
| १ | संघीय सरकारबाट प्राप्त वितिय समानीकरण | ११९७००००० | १२६०००००० | १११८००००० |
| २ | संघीय सरकार सशर्त अनुदान पुँजिगत | ६७०८७३७३ | १२०३९२११६ | २२९०००००० |
| ३ | संघीय सरकार सशर्त अनुदान चालु | २७१६२६५६६ | २९९८९६००० | २८४६००००० |
| ४ | संघीय सरकार राजश्व बाँडफाँट | ९७७९५९११ | ११६७४९००० | ११४३९८००० |
| ५ | विशेष अनुदान पुँजिगत | ४३१२७९० | २०००००० | ० |
| ६ | विशेष अनुदान चालु | ३२१६१०५ | ० | ११५००००० |
| ७ | समपुरक संघीय सरकार | १८४१५२३३ | ० | १४०००००० |
| | **संघीय सरकारबाट प्राप्त हुने जम्मा रु** | **५८२१५३९७८** | **६६५०३७११६** | **५५९१९८०००** |
| १ | प्रदेश सरकाबाट प्राप्त वितिय समानीकरण | १२८४५००० | १२८४५००० | १२८४६००० |
| २ | प्रदेश सरकार शसर्त अनुदान पुजिगत | ३९२८३५५७ | १०९०००००० | १९५००००० |
| ३ | प्रदेश सरकार शसर्त अनुदान चालु | ३६०८००० | ५४०००० | १९९७६००० |
| ४ | विशेष अनुदान चालु | ० | ० | ५५००००० |
| ५ | विशेष अनुदान पुजिगत | २८८३६२४ | ० | ० |
| ६ | प्रदेश सरकार समपुरक अनुदान पुजिगत | १२५१३००० | ० | १०००००००० |
| ७ | राजश्व बाँडफाँट | १२७७५५९ | १०९७८५० | १०९७८५० |
| | **प्रदेश सरकाबाट प्राप्त हुने जम्मा अनुदान रु** | **७२४१०७४०** | **१२३४८२८५०** | **६८९१९८५०** |
| १ | आन्तरिक राजश्व बाडँफाट | ७७८९४०५ | ८२५०००० | ८०००००० |
| २ | गत आ.व. को मौज्दात | २५०५१६३१ | २७४९१२७५ | |
| ३ | आन्तरिक श्रोत | ९२५०१६३ | ८२५०००० | १०१५०००० |
| | **आन्तरिक तर्फको जम्मा** | **४२०९११९९** | **४३९९१२७५** | **१८१५००००** |
| | **कुल वजेट** | **६९६६५५९१७** | **८३२५११२४१** | **६४६२६६७८५०** |

**ख. आ. व. २०८०।८१ को संघ र प्रदेशबाट प्राप्त हुने बितिय समानीकरण अनुदान बिवरणः**

| क्र स | आम्दानी श्रोत | अनुमानीत आय | स्रोत |
|---|---|---|---|
| १ | संघीय सरकारबाट प्राप्त वितिय समानीकरण | १११८००००० | |
| २ | प्रदेश सरकाबाट प्राप्त वितिय समानीकरण | १२८४६००० | |
| | **जम्मा** | **१२४६४६०००** | |



CamScanner

| वितिय समानीकरण वजेटको क्षेत्रगत सिमा निर्धारण | | | |
|---|---|---|---|
| क्रस | क्षेत्र | विनियोजित वजेट | स्रोत |
| १ | समपुरक तर्फ | २००००००० | |
| २ | भक्तानी दिन बाँकी (चालु आव मा चौथो त्रैमासिकको ५०% निकासा प्राप्त नभएका योजनाहरु) | १५८००००० | |
| ३ | विषयगत समिति | ८८८४६००० | |
| | क. आर्थिक विकास समिति | ६९००००० | |
| | ख. सामाजिक विकास समिति | ३६१००००० | |
| | ग. पूर्वाधार विकास समिति | ३५१००००० | |
| | घ. वन वातावरण तथा विपद् व्यवस्थापन समिति | २०००००० | |
| | ङ. सुशासन तथा संस्थागत विकास समिति | ८७४६००० | |
| | **जम्मा** | **१२४६४६०००** | |
| **१** | **आर्थिक विकास समिति** | **६९०००००** | |
| **क** | **कृषि विकास तर्फ** | **५००००००** | |
| **क्र.स.** | **योजनाको नाम** | **विनियोजित वजेट** | **स्रोत** |
| १ | दमार बस्ती अधुरो आँप खेती घेराबार निर्माण वडा नं १० | ५००००० | |
| ३ | कृषकहरुलाई कृषि तथा पशुपीं बिमा | १५००००० | |
| | कृषि औजार उपकरण सहयोग कार्यक्रम | ४००००० | |
| | **चालु तर्फ** | | |
| ४ | **कृषि प्रसार तथा प्रविधि विस्तार कार्यक्रम** | | |
| | नमूना करेशाबारी प्रर्दधशनी कार्यक्रम | १६०००० | |
| | विभिंन्न बाली विज्ञ तथा कृषि प्राविधिकहरुद्धारा कृषकहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम | ३००००० | |
| | कृषिसंग सम्बन्धित सरोकारवाला निकायबीच समन्वयात्मक बैठक संचालन | ६०००० | |
| 5 | **बाली बिकास कार्यक्रम** | | |
| | खाद्यान्न बालीको बीऊ उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | २००००० | |
| 6 | **बाली संरक्षण सेवा कार्यक्रम** | | |
| | च्याउ उत्पादन प्रवर्द्धन कार्यक्रम | २००००० | |
| | विभिन्न विषादी-रासायनिक,जैविक र वानस्पतिक_मा अनुदान सहयोग | ३००००० | |
| 7 | **वागवानी विकास कार्यक्रम** | 0 | |
| | फलफुल विकास कार्यक्रम | २००००० | |
| | व्यवसायिक तरकारी विकास तथा प्रवर्द्धन कार्यक्रम | ४००००० | |
| 8 | **विविध** | 0 | |
| | मागमा आधारित कार्यक्रम | २५०००० | |
| | धान दिवश कार्यक्रम | ८०००० | |
| | नगरस्तरीय कृषक तालिम | १००००० | |



CamScanner

| | | | |
|---|---|---|---|
| | किसान सूचिकरण कार्यक्रम | १५०००० | |
| | किसान कल सेन्टर संचालन कार्यक्रम | ५०००० | |
| | सेवा केन्द्र संचालन खर्च | १५०००० | |
| | **जम्मा** | ५०००००० | |
| **ख** | **पशुपंछि विकास तर्फ** | १९००००० | |
| **क्र स** | **कार्यक्रम** | **विनियोजित वजेट** | **स्रोत** |
| क | **मागमा आधारित पशुपन्छीको पोषण सुधार तथा घाँस बिकास कार्यक्रम** | | |
| १ | हिउँदे भुँइ घाँसको बिउ जै/भेच/बर्षिम,खरिद ढुवानी | ७५००० | |
| २ | बहुबर्षिय घाँस सुपर नेपिएर,रेड नेपिएर,लगाएतका बहुबर्षिय घाँसको बिउ,सेट्स खरिद बितरण | ११०००० | |
| ३ | उन्नत डाले घाँस बडहर/सिड्लेस किम्बु/राइखन्यु/इपिलइपिल को बिरुवा बितरण | १३०००० | |
| ख | **पशु पन्छीं उपचार कार्यक्रम** | | |
| १ | दैनिक उपचारको लागी आवस्यक पर्ने औषधी तथा सामग्री खरिद ढुवानी | ९९०००० | |
| २ | संक्राकम रोगहरु(रेबिज लगाएत रोगहरुको) खोप खरिद | १५०००० | |
| ३ | आकस्मीक उपचारको लागी औषधी खरिद ढुवानी | ३००००० | |
| ४ | बिश्व रेबिज दिवस मनाउने कार्यक्रम (सेप्टेम्बर २८) | ६०००० | |
| ग | **सहयोगी कार्यक्रम** | | |
| १ | समन्वयात्मक बिभिन्न बैठक तथा बिबिध खर्च | ५५००० | |
| २ | पशुपन्छी कार्यक्रम संचालन खर्च | ३०००० | |
| | जम्मा रकम रु | १९००००० | |
| २ | **सामाजिक विकास समिति तर्फ** | ३६१००००० | |
| **क** | **शिक्षा तर्फ** | २२०००००० | |
| **क्रस** | **कार्यक्रम/आयोजनाको नाम** | **विनियोजित वजेट** | **स्रोत** |
| १ | शंकर मा वि अधुरो पर्खाल निर्माण वडा नं २ | २००००० | |
| २ | थर्पुडाँडा आ. वि. अनुदान वडा नं १२ | ३००००० | |
| ३ | नगर शिक्षक अनुदान | | |
| | क. बाल शिक्षक | ३९०००० | |
| | ख. आधारभूत तह (१-५) | २३४०००० | |
| | ग.. आधारभूत तह (६-८) | ४३६८००० | |
| | घ. माध्यमिक तह. | ३२७६००० | |
| | ङ. स्रोत व्यक्ति व्यवस्थापन अनुदान | ५२०००० | |
| ४ | बालविकासका बाल शिक्षक तथा विद्यालय कर्मचारी प्रोत्साहन अनुदान वार्षिक एकमुष्ट (१०७) | ९७३७००० | |
| ५ | विद्यालय अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण (कक्षा ८ को परीक्षा समेत) | ३६९००० | |



CS CamScanner

| | | | |
|---|---|---|---|
| ६ | प्रअ, शिक्षा समिति तथा अन्य सरकारवालाहरुसँगको बैठक तथा खाजा खर्च | २००००० | |
| ७ | राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप प्रतियोगिता | ३००००० | |
| | **जम्मा** | २२०००००० | |
| **ख** | **स्वास्थ्य तर्फ** | ७५००००० | |
| **क्र.स.** | **कार्यक्रम** | **विनियोजित वजेट** | **स्रोत** |
| १ | बर्थिङ सेन्टरमा नर्सिङ स्टापको नाईट डिउटि गरेवापतको जम्मा ३६५ दिनको प्रति दिन रु.१५०। (अक्षरुपी एक सय पचास रुपैया) मात्र का दरले | २७३७५० | |
| २ | सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रति महिना रु.१२००। का दरले ३६ स्वयं सेविकाहरुलाई प्रोत्साहन भत्ता | ५१८४०० | |
| ३ | स्वास्थ्य संस्थाहरुको प्रशासनिक खर्च | २८८००० | |
| ४ | ल्याब सेवा संचालनको लागि सामाग्री खरीद स्वास्थ्य चौकी भुर, कुदु र पुन्मामा | १५०००० | |
| ५ | स्वास्थ्य चौकि तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा गुणस्तर सेवा प्रवाहको लागि औषधि खरीद तथा ढुवानि | २४५०००० | |
| ६ | स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको चौमासिक बैठक | ३००००० | |
| ७ | पुर्ण संस्थागत सुत्केरी वडा घोषणा तथा सुरुवात | १००००० | |
| ८ | स्वास्थ्य सामाग्री छपाई | १००००० | |
| ९ | किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा तथा सुरुवात | ५०००० | |
| १० | फिल्ड कार्यकर्ताले गाँउघर तथा खोप क्लिनिक संचालन गरेवापतको यातायात खर्च प्रति कर्मचारी रु.४००। | २६८८०० | |
| ११ | वार्षिक समिक्षा | २००००० | |
| १२ | नियमित औषधि तथा अन्य सामाग्री ढुवानी | १००००० | |
| १३ | स्वास्थ्य पांश्व चित्र तथा वार्षिक प्रतिवेदन तयार | १००००० | |
| १४ | अल्ट्रासाउण्ड कार्यक्रम | १४७८५० | |
| १५ | EHIRRS निरन्तरा | ११०००० | |
| १६ | Medic mobile कार्यक्रम संचालन तथा ब्यवस्थापन | २५३२०० | |
| १७ | elmis तालिम संचालन | ५०००० | |
| १८ | जनप्रतिनिधि, स्वास्थ्यकर्मि र कर्मचारीहरु लागि मानसिक स्वास्थ्य कार्यक्रम | २००००० | |
| १९ | मेयर स्वास्थ्य प्रणालि सुधार कार्यक्रम (EHIRRS को लागि डेस्कटप खरीद ) | ८४०००० | |
| 20 | पोषण कार्यक्रम | १०००००० | |
| | **जम्मा** | ७५००००० | |
| **ग** | **महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फ** | २३००००० | |
| **क्र.स.** | **कार्यक्रम** | **विनियोजित वजेट** | **स्रोत** |

| | | | |
|---|---|---|---|
| १ | दिगो विकास मुल समिति का महिलालाई आय आर्जन वडा नं ७ | १००००० | |
| २ | युवा तथा खेलकुद लक्षित कार्यक्रम वडा नं ८ | ५०००० | |
| ३ | वडा स्तरिय बाल क्लव विद्यालय स्तरिय बाल क्लव र वडा शिक्षा समिति लक्षित कार्यक्रम वडा- नं ८ | १००००० | |
| ४ | महिला लक्षित कार्यक्रम वडा नं ८ | १००००० | |
| ५ | बालमैत्री वडा घोषना लक्षित कार्यक्रम वडा नं ८ | ५०००० | |
| ६ | महिला वालवालिका जेष्ठनागरिक युवा तथा सुशासनको लागि वडा नं १२ | ४००००० | |
| ७ | आपतकालिन बाल उद्दार कोष | १००००० | |
| ८ | लैङ्गिक हिंसा निवारण कोष | १००००० | |
| ९ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान | १५०००० | |
| १० | विभिन्न दिवसीय कार्यक्रमहरु (बालबालिका/महिला/अपांगता/ ज्येष्ठ नागरिक सम्बन्धि) | २००००० | |
| ११ | समन्वयात्मक बैठक (बालबालिका/ महिला/अपांगता/ज्येष्ठ नागरिक सम्बन्धि) | २५०००० | |
| १२ | बाल क्लव तथा बाल संजालका बालबालिकाहरुको क्षमता विकास तथा विविध कार्यक्रम वडा स्तरिय | २५०००० | |
| १३ | सडक मावन/वेवारिसे मानव व्यवस्थापन | १००००० | |
| १४ | महिला जनप्रतिनिधिलाइ महिला सशक्तिकरण तथा नेतृत्व विकास तालिम | १५०००० | |
| १५ | महिला सिप विकास /उद्यम सम्वन्धि तालिम | २००००० | |
| | जम्मा | २३००००० | |
| **घ** | **खानेपानी तथा सरसफाई तर्फ** | ३७५०००० | |
| १ | कोटखोला काजीबारा खानेपानी मर्मत वडा नं २ | ५००००० | |
| २ | खाराभिर पातलकटेरी खां पा मर्मत वडा नं २ | २५०००० | |
| ३ | जुगेनाखोला वगर खानेपानी निर्माण वडा नं ३ | ४००००० | |
| ४ | श्री विभिन्न खा.पा. आयोजना मर्मत लागि पाईप तथा सिमेन्ट खरिद वडा नं ५ | ४५०००० | |
| ५ | श्री माथिल्लो चिसापानी देखी पोख्रो सम्म खा.पा निर्माण वडा नं ५ | ५००००० | |
| ६ | छहरी खोला देखी नयाँ बस्ती खा.पा मर्मत वडा नं ८ | २५०००० | |
| ७ | तुरतुरे काल्ना देखी लमाउत हुदैं चौर सम्मा खा.पा निर्माण वडा नं ८ | २५०००० | |
| ८ | पाखापानी खा.पां.मर्मत वडा नं ८ | १५०००० | |
| ९ | सरसफाई समिति गठन १३ वटै वडामा | २००००० | |
| १० | फोहोर व्यवस्थापन | १०००००० | |
| | जम्मा | ३७५०००० | |
| **ङ** | **सस्कृति प्रर्वद्धन** | ५५०००० | |
| १ | पर्यटकिय स्थलको प्रचारप्रशारका लागि भिडियो डकुमेन्ट्री निर्माण वडा नं २ | ५०००० | |
| २ | हितानगाउँ मष्टा मन्दिर निर्माण वडा नं ११ | ५००००० | |
| | जम्मा | ३००००० | |



CamScanner

| ३ | पुर्वाधार विकास तर्फ | ३५१००००० | |
|---|---|---|---|
| क्र.स. | आयोजनाहरुको नाम | विनियोजित वजेट | स्रोत |
| सडक तर्फ | | ६६५०००० | |
| १ | नगर क्षेत्र भित्रका सडक मर्मत | २५००००० | |
| २ | अधुरो भवन निर्माण श्री दिपेन्द्र प्रा.वि रावतगाउँ वडा नं १ | ९००००० | |
| ३ | वागेश्वरी आधारभुत विद्‌यालय गेट सम्म सडक निर्माण वडा नं १ | १००००० | |
| ४ | गली जिरो प्वाईन्ट देखि तिलक वलीको घर हुदै किटेनी जोड्ने सडक वडा नं २ | ५००००० | |
| ५ | ठाँटी देखी जिल्ला अदालत हुदैं माथि थाप्ले जाने बाटो मर्मत वडा नं ३ | ६००००० | |
| ६ | श्री वरपिपल देखी पुनाटाकुरा देखी कृषि सडक सम्म बाटो निर्माण वडा नं ५ | ३००००० | |
| ७ | चैति खोला सडकको मोडबाट धाराखोला वि उरेनी हुदैं तल्लो दोकान सम्म निर्माण वडा नं ७ | ५००००० | |
| ८ | धारा खर्क देखी टुनसेरा सडक निर्माण वडा नं ८ | ३५०००० | |
| ९ | गहातेरी टाकुरेगैरा अधुरो सडक निर्माण वडा नं ११ | ५००००० | |
| १० | नाउला पातेहाल्न सडक वडा नं १२ | ४००००० | |
| जम्मा | | ६६५०००० | |
| सिचाई तर्फ | | ५००००० | |
| १ | गौतापाखा सिचाई ट्‌यान्की निर्माण वडा नं ११ | ५००००० | |
| जम्मा | | ५००००० | |
| अधुरा अपुरा योजना | | ३२००००० | |
| १ | सुर्यज्योती आ.बि. अधुरो भवन निर्माण | ७००००० | |
| २ | प्रगतिशील आ.बि. भवन निर्माण | ८९०००० | |
| ३ | ज्ञानोदय आ.बि. अधुरो भवन निर्माण | ८५०००० | |
| ४ | जनता आ.बि. बालबिकाश पोखरा अधुरो भवन निर्माण | ५६०००० | |
| ५ | दीपेन्द्र प्रा.बि. रावातगाऊ | २००००० | |
| भवन तथा शहरी विकास तर्फ | | २२२५०००० | |
| १ | वडा कार्यालय भवन निर्माण वडा नं. 6,9,10,13 | २००००००० | |
| २ | आधारभुत स्वास्थ्य सेवा केन्द्र पिपे शौचालय निर्माण वडा नं १ | ३००००० | |
| ३ | श्री बर्माथान प्रतिक्षालय ट्रस निर्माण वडा नं ५ | १००००० | |
| ४ | श्री कोलबोट कुल थान फिल्ड निर्माण वडा नं ५ | १५०००० | |
| ५ | वडा कार्यालय व्यवस्थापन फिल्ड निमार्ण (700000) तथा रेडक्रस भवन मर्मत (100000) वडा नं ७ | ८००००० | |
| ६ | भेरी नगरपालिक वडा नं १३ को मध्ये पहाडी ० प्वाईटमा प्रतिक्षालय निर्माण | ४५०००० | |
| ७ | भे न पा १३ को मेसिन जाने झो पु नजिक प्रतिक्षलय निर्माण | ४५०००० | |
| जम्मा | | २२२५०००० | |
| वडा समपुरक तर्फ | | २५००००० | |

| | | | |
|---|---|---|---|
| १ | ४ नं. वडामा संचालन हुने योजनामा समपुर/साझेदारी वा अन्य आयोजनामा विनियोजन गर्ने रकम | १५००००० | |
| २ | ६ नं. वडामा संचालन हुने योजनामा समपुर/साझेदारी वा अन्य आयोजनामा विनियोजन गर्ने रकम | १०००००० | |
| | **जम्मा** | **२५०००००** | |
| **४** | **वन वातावरण तथा विपद् व्यवस्थापन समिति** | **२००००००** | |
| **क्र.स.** | **कार्यक्रम** | **विनियोजित वजेट** | **स्रोत** |
| १ | विपद् व्यवस्थापन कोष | १४००००० | |
| २ | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन अभिमुखिकरण सवै वडाहरुमा | ५००००० | |
| ३ | सूचना संचार खर्च | ५०००० | |
| ४ | डाटा संकलन तथा अनुगनम निरिक्षण प्रतिवेदन | ५०००० | |
| | **जम्मा** | **२००००००** | |
| **५** | **सुशासन तथा संस्थागत विकास समिति** | **८७४६०००** | |
| **क्र.स.** | **कार्यक्रम** | **विनियोजित वजेट** | **स्रोत** |
| **क** | **न्यायीक समिति** | **२६७१०००** | |
| १ | सामुदायिक मेलमिलाप केन्द्रको व्यवस्थापन तथा अनुगमन | १००००० | |
| २ | न्यायिक समितिका पदाधिकारीहरुको लागि पोषाक | ४०००० | |
| ३ | न्यायिक समिति बैठक, स्टेश्नरी, यातायात खर्च | २००००० | |
| ४ | भता, मेलमिलापकर्ता | २००००० | |
| ५ | मेलमिलापकर्ताहरुको चौमासिक बैठक | २००००० | |
| ६ | विपन्न नागरिकका लागि निःशुल्क कानूनी सहायता कार्यक्रम | १५०००० | |
| ७ | कानुन सम्बन्धि पुस्तक प्रकाशन | ५७५००० | |
| ८ | न्यायिक समितिको अध्ययन अवलोकन भ्रमण | ३००००० | |
| ९ | मेलमिलाप सम्बन्धी आधारभूत तालिम | ७००००० | |
| १० | अनुगमन जिल्ला अदालत | ५०००० | |
| ११ | कानून सम्बन्धी पुस्तकालय स्थापना | १५६००० | |
| **ख** | **क्षमता विकासः** | **२१७५०००** | |
| १ | आवधिक योजना निर्माण | १५००००० | |
| २ | सार्वजनकि सुनुवाई, सामाजिक परिक्षण र लेखापरिक्षण | २२५००० | |
| ३ | रेडियो तथा पत्रपत्रिकामा प्रकाशन तथा प्रसारण | १५०००० | |
| ४ | स्याउली साना किसान कृषि सहकारी संस्था वितिय साक्षरता तथा क्षमता विकास कार्यक्रम वडा नं ७ | १००००० | |
| ५ | उद्यम विकास कार्यक्रम व्यवस्थापन | २००००० | |
| **ग** | **राजस्व सुदृडीकरण** | **१००००००** | |
| १ | राजश्व परामर्श समितिको बैठक | २५०००० | |
| २ | राजश्व सम्बन्धी अनुगमन तथा निरिक्षण | १००००० | |
| ३ | राजश्वको (Sutra Revenue Model) सम्बन्धित तालिम | २५०००० | |
| ४ | करको दायरा र दर हरुको फल्यास प्रिन्ट | १५०००० | |
| ५ | सफ्टवेयर व्यवस्थापन | १००००० | |

| | | | |
|---|---|---|---|
| ६ | सरोकारवाला हरु सँग करको दर र दायरा हेरफेर सम्बन्धमा कार्यशाला गोष्ठि | १५०००० | |
| घ | **वडा अन्तरगतका क्रियाकलाप** | **२९०००००** | |
| १ | वडा कार्यालय व्यवस्थापन वडा नं १ | २००००० | |
| २ | कार्यालय व्यवस्थापन राधेराधे धाम वाद्यवाधन सामाग्री सार्वजनिक शौचालय वडा सरसफाई कार्यक्रम वडा नं ३ | ५००००० | |
| ३ | बुरुगे आ.स्वा.से.केन्द्रलाई डि.फ्रिज खरिद तथा व्यवस्थापन वडा नं ८ | ५०००० | |
| ४ | वडा कार्यालय व्यवस्थापन वड नं ८ | १५०००० | |
| ५ | ९नं वडाका ३ वटा स्कुल र वडा कार्यालयमा कम्प्युटर डेस्टप ल्याप्टप र रंगिन प्रिन्टर खरिद वडा नं ९ | ५००००० | |
| ६ | विविध वडा नं ९ | ५००००० | |
| ७ | नव प्रगतिशिल टोल विकास महिला संस्था | ३५०००० | |
| ८ | मष्टा मन्दिर मर्मत भुरचौर | १५०००० | |
| ९ | वडा कार्यलय व्यवस्थापन वडा नं १२ | ४००००० | |
| १० | वडा कार्यलय व्यवस्थापन वडा नं १३ | १००००० | |

ख. राजश्व बाँडफाँडतर्फः (संघ, प्रदेश र आन्तरिक श्रोततर्फ)

| क्र.सं. | स्रोत | बजेट | कैफियत |
|---|---|---|---|
| १ | संघीय सरकार राजश्व बाँडफाँड | ११४३९८००० | |
| २ | प्रदेश सरकार राजश्व बाँडफाँड | १०७८८५० | |
| ३ | आन्तरिक राजश्व बाँडफाँड | ४८००००० | ३२ लाख प्रदेश सरकारलाई फिर्ता दिनुपर्ने |
| ४ | आन्तरिक आयतर्फ | १०१५०००० | |
| | कुल जम्मा | १३४४५८५० | |

ग. राजश्व बाँडफाँड तर्फको बिस्तृत बिवरणः

| सञ्चित कोषबाट विनियोजन हुने चालु तथा पुंजिगत रकम | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शीर्षक | | आ.व. २०७८।०७९ को यथार्थ | आ.व २०७९।०८० को संशोधित अनुमान | आ.व. २०८०।०८१ को अनुमान | श्रोत | | | | | |
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन सहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| चालु खर्च | | | | | | | | | | |
| १ | पदाधिकारीहरुको सेवा सुविधा | १००००००० | १०५९६६०० | १०५००००० | | | ० | ० | ० | ० |
| | पदाधिकारीहरुको ईन्धन | ० | ० | १२००००० | | | ० | ० | ० | ० |
| २ | पारिश्रमिक कर्मचारी | ३६०००००० | ३९०००००० | ३९५००००० | | | ० | ० | ० | ० |
| ३ | करार सेवा शुल्क | ० | ११०००००० | १२०००००० | | | ० | ० | ० | ० |
| ४ | स्थानीय भत्ता | ४५००००० | ५०००००० | ५०००००० | | | ० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | महंगी भत्ता | १७००००० | २४००००० | २४००००० | | | ० | ० | ० | ० |
| ६ | फिल्ड भत्ता | १०००००० | १५५०००० | १५५०००० | | | ० | ० | ० | ० |
| ७ | अन्य भत्ता | १९५०००० | १७७४०७७ | १४००००० | | | ० | ० | ० | ० |
| ८ | पोषाक भत्ता | १०५०००० | ११००००० | १२००००० | | | ० | ० | ० | ० |
| ९ | स्वास्थ्य शाखा अन्तरगत करार कर्मचारीको पारिश्रमिक | ० | १२२३०४३० | १२८००००० | | | ० | ० | ० | ० |
| १० | कृषि र पशु शाखा अन्तरगत करार कर्मचारीहरुको पारिश्रमिक | ० | २१५०००० | २८००००० | | | ० | ० | ० | ० |
| ११ | पानी तथा विजुली | ४००००० | ४००००० | १०००००० | | | ० | ० | ० | ० |
| १२ | संचार महशुल | ११००००० | ११००००० | १४००००० | | | ० | ० | ० | ० |
| १३ | घर भाडा | १३००००० | १३००००० | १३००००० | | | ० | ० | ० | ० |
| १४ | सवारी साधन तथा मेशिनरी औजार भाडा | ९००००० | ९००००० | १०००००० | | | ० | ० | ० | ० |
| १५ | इनधन/अन्य इनधन | २४००००० | ४२००००० | ४०००००० | | | ० | ० | ० | ० |
| १६ | मर्मत सम्भार खर्च | १८००००० | २८६२६६४ | ३०००००० | | | ० | ० | ० | ० |
| १७ | कार्यालय संचालन सम्वन्धी खर्च | ६८००००० | ६८००००० | ६८००००० | | | ० | ० | ० | ० |
| १८ | परामर्श तथा अन्य सेवा शुल्क | १५७००००० | ४१००००० | ४५००००० | | | ० | ० | ० | ० |
| १९ | अनुगमन, मूल्यांकन र भ्रमण खर्च | ४०१०९२६ | ४०११०७९ | ४०००००० | | | ० | ० | ० | ० |
| २० | विविध खर्च | २५००००० | २८००००० | २७९५८५० | | | ० | ० | ० | ० |
| २१ | कार्यक्रम खर्च | ५०२७००० | ४०००००० | ४०००००० | | | ० | ० | ० | ० |
| २२ | सवारी साधनको विमा र नविरकण खर्च | ० | ० | १०००००० | | | ० | ० | ० | ० |
| २३ | जिन्सि व्यवस्थापन | ० | ० | ५००००० | | | ० | ० | ० | ० |
| २४ | कर्मचारी कल्याण कोष | ० | ० | ३०००००० | | | ० | ० | ० | ० |
| २५ | फिर्ता खर्च | १३००००० | १०००००० | ० | | | ० | ० | ० | ० |
| २६ | नगर प्रहरि व्यवस्थापन | ० | १५००००० | ० | | | ० | ० | ० | ० |
| २७ | नगर सभा तथा कार्यपालिका बैठक संचालन खर्च | २०००००० | २०००००० | १८००००० | | | ० | ० | ० | ० |
| | जम्मा | १०१५३७९२६ | १२३७७४८५० | १३०४४५८५० | | | | ० | ० | ० |

२. चालु आ.व. मा कार्यान्वयनमा रहेका तर बजेट अभावका कारण सम्पन्न हुन समस्या रहेका तपसिलमा उल्लेखित अधुरा एवं अपुरा योजनाहरुलाई स्रोत एकीन गरी थप कार्यादेश दिई कार्य सम्पन्न गर्न स्वीकृतिका लागि सभामा सिफारिस गर्ने ।



CamScanner

- लक्ष्मि मा.वि. भेर भवन निर्माण वडा नं. ६, राष्ट्रपति शैक्षिक सुधारतर्फ आ.व. २०७८।७९
- त्रिभुवन आ.वि. रिसाङ वडा नं. २, प्रदेश सरकार सशर्त अनुदान आ.व. २०७९।८०
- महेन्द्र प्रा.वि. राङसि वडा नं. २, प्रदेश सरकार सशर्त अनुदान आ.व. २०७९।८०
- बागेश्वरी आ.वि. पिपे वडा नं. १, राष्ट्रपति शैक्षिक सुधारतर्फ आ.व. २०७९।८०
- बुध्दि आ.वि. बोहरा वडा नं. ४, राष्ट्रपति शैक्षिक सुधारतर्फ आ.व. २०७९।८०
- कालिका आ.वि. वडा नं. २ डिंगा, प्रदेश सरकार सशर्त अनुदान आ.व. २०७९।८०
- सामुदायिक भवन निर्माण गिमा, वडा नं. ८ NUGIP २०७९।८०

३. वडाबाट प्रस्तावित भई आएका तर बजेट अभावका कारण सम्बोधन हुन नसकेका संघ, प्रदेश तथा अन्य निकायबाट स्रोत जुटेमा कार्यान्वयन गर्ने गरी बिभिन्न बिषयगत समितिमा छलफल भएका सबै योजना तथा कार्यक्रमहरुको सूची तयार गरी योजना बैंकको रुपमा राख्न नगर सभामा सिफारिस गर्ने ।

४. आगामि आ.व. २०८०।८१ देखि यस नगरपालिकामा जुनसुकै स्रोतबाट बजेट प्राप्त भई कार्यान्वयन हुने कच्ची सडक निर्माण सम्बन्धी योजनामा कुल लागतको १५ प्रतिशत र अन्य सम्पूर्ण योजनाहरुमा कुल लागतको १० प्रतिशत श्रमदान अनिवार्य गर्ने नीति स्वीकृतिका लागि सभामा पेश गर्ने ।

५. आर्थिक विकास समितिबाट यस नगरपालिका क्षेत्रमा कृषि तथा पशु बिमा कार्यक्रम संचालन गर्न रु १५ लाख बजेट प्रस्तावित भई आएको र नपुग हुने अनुमानित रकम रु १५ लाख बजेट आवश्यक व्यवस्थाका लागि नगरसभामा सिफारिस गर्ने।

६. भेरी नगरपालिकाको वडा नं. ४ मा प्रदेश सरकार र संघीय सरकारको सयुंक्त साझेदारीमा कृषि तथा पशु अनुसन्धान केन्द्र स्थापनाका लागि आवश्यक पहल गर्न नगर सभामा पेश गर्ने ।

७. कृषि क्षेत्रको उत्पादन बृध्दि गर्न सिंचाई तथा मल बीउ र प्रविधिको उपयोगका लागि कृषि क्षेत्रमा बिनियोजित बजेट अपर्याप्त भएकोले प्रदेश, संघीय तथा अन्य सहयोगि निकायहरुसंग समन्वय गरी कार्यक्रम संचालन गर्न सभामा पेश गर्ने ।

८. टोल सुधार (समुदाय परिचालन) समिति सुदृढिकरण तथा विभिन्न साझेदार निकाय गैरसरकारी क्षेत्रसंगको साझेदारीमा संचालन हुने कार्यक्रमका लागि समपुरक रकम रु ५० लाख बजेट बिनियोजनका लागि नगर सभामा पेश गर्ने।

९. यस नगरपालिकामा राष्ट्रिय तथा प्रदेस स्तरका खेलकुद, योग शिविर र प्रेरणामुलक कार्यक्रम।कक्षाहरु संचालन गर्न आवश्यक बजेट व्यवस्थाका लागि संघ तथा प्रदेश सरकारसंग अनुरोध गर्न नगरसभामा पेश गर्ने ।

१०. राज्य पुनरसंरचना आयोगले वडा केन्द्र तोकेका र हाल भवन निर्माणका लागि उपयुक्त जग्गा उपलब्ध नभएका र वडा केन्द्र संशोधनका लागि तपसिलमा उल्लेखित वडाहरुबाट सिफारिस भई आएकोले संशोधन गरी वडा केन्द्र तोक्न स्वीकृतिका लागि नगर सभामा पेश गर्ने । साथै उपयुक्त जग्गा उपलब्ध नभएका वडा कार्यालयहरु तथा स्वास्थ्य सेवा केन्द्रहरुको भवन निर्माणका लागि सार्जनिक क्षेत्रको जग्गा प्राप्तीका लागि प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया अगाडी बढाउन स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

तपसिलः

| क्र.सं. | वडा नं. | साविकमा तोकिएको वडा केन्द्र | हाल प्रस्तावित वडा केन्द्र |
|---|---|---|---|
| १. | ४ | साविक खलंगा गाविस वडा नं.१ हाल भेरी नगरपालिकाको वडा नं.४ गैरीखाली | भे.न.पा. वडा नं. ४ शान्तिचौतारा बसपार्क देखि दक्षिण, पुर्वमा सामुदायिक वन क्षेत्र, पश्चिममा गोपाल के.सी. को उत्तरमा पूर्ण कार्की, उत्तम के.सी. र ओम प्रकाश वाग्लेको जग्गा र दक्षिण सामुदायिक वन यति किल्लाभित्र पर्ने स्थान |
| २. | ६ | साविक पुन्मा गाविस वडा नं. ६ हालको वडा नं. ६ कृष्ण मन्दिर | भे.न.पा. वडा नं.६ नेटीबजार अर्बान्न |
| ३. | १२ | वडा नं. १२ थर्पुडाँडा | वडा नं. १२ सालीबिसाउन |
| ४. | १० | साविक भूर गाविस वडा नं. ६ हालको वडा नं. १० सेरीपाखा | भे.न.पा. वडा नं. १० को आधारभुत स्वास्थ्य सेवा केन्द्र रहेको स्थान दह |

११. यस नगरपालिकाको वडा नं. ६ साविक पुन्मा गाविस वडा नं. ६ गंगटीयामा रहेको स्वास्थ्य चौकी केन्द्र सबै वडाबासिकहरुमा पायक नपर्ने भएकोले पायक पर्ने स्थान भे.न.पा. ६ नेटीबजार अर्बान्नमा कायम गरी दिन भनी वडा कार्यालयबाट निर्णय भई आएकोले आवश्यक निर्णयका लागि सम्बन्धित निकायमा सिफारिसका लागि नगरसभामा पेश गर्ने ।

१२. हाल बिश्वाब्यापी रुपमा ब्याप्त जलवायु परिवर्तन र यसका असरहरु न्यूनीकरण गर्न स्थानीय अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक बजेट ब्यवस्थाका लागि नगर सभामा पेश गर्ने ।

१३. नगर क्षेत्रमा दैनिक उत्पन्न हुने फोहरको दिगो ब्यवस्थापन गरी पूर्ण सरसफाईयुक्त नगरपालिका घोषणाका लागि खानेपानी सरसफाई तथा स्वच्छता योजना २०२३ देखि २०३३ स्वीकृतिका लागि सभामा पेश गर्ने साथै संघीय सरकार, प्रदेश सरकार, गोर्खा वेलफेयर ट्रष्ट, एकीकृत जलश्रोत ब्यवस्थापन कार्यक्रम हेल्भीटास नेपाल तथा उध्योग वाणिज्य संघसंगको साझेदारी तथा समन्वयमा उक्त योजना कार्यान्वयन गर्न स्वीकृतिका लागि सभामा पेश गर्ने ।

१४. राष्ट्रिय भुमि आयोगसंग सम्झौता अनुसार यस नगरपालिकामा रहेका भुमिहिन दलित, भुमिहिन सुकुम्वासि र अव्यवस्थित बसोबासिहरुको लगत संकलन भई लगत प्रविष्टिकरण कार्य अन्तिम चरणमा रहेको र जग्गाधनी प्रमाण पुर्जा वितरणका लागि जग्गा नाप जाँच कार्य सुचारु गर्न आवश्यक कर्मचारीहरु अमिनको तलब भत्ता, नाप जाँच गर्ने यन्त्र, स्टेशनरी सामग्री तथा जिल्लास्थित कार्यालयबाट खटिने कर्मचारीले पाउने सेवा सुविधाको लागि आवश्यक बजेट बिनियोजन गरिदिने भनी मिति २०८०।३।४ को पत्रबाट अनुरोध भई आएकोले सोको लागि आवश्यक पर्ने रकम रु १० लाख आगामी आ.व. को राजश्व बाँडफाँडतर्फको बजेटबाट बिनियोजन गर्न नगर सभामा पेश गर्ने ।

१५. यस नगरपालिकाको संस्थागत संरचना र जनशक्ति ब्यवस्थापनका लागि संगठन ब्यवस्थापन सर्वेक्षणको प्रतिवेदन २०७९ अनुसार संस्थागत संरचना र प्रस्तावित कर्मचारी दरबन्दी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने । साथै उक्त प्रतिवेदन अनुसार स्वीकृत दरबन्दी भन्दा बढी भई फाजिलमा रहने स्थायी कर्मचारीहरुलाई सरुवा भई आएका



CamScanner

साविककै कार्यालयमा फिर्ता पठाउने र अस्थायी करारमा कार्यरत रहेका कर्मचारीहरुलाई कार्यसम्पादन मुल्यांकनको आधारमा क्रमशः ब्यवस्थापन गर्न स्वीकृतिका लागि सभामा पेश गर्ने ।

१६. यस नगरपालिकामा अस्थायी करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद २०८० असार मसान्तमा समाप्त हुने भएकोले २०८० श्रावण १ गते देखि २०८१ असार मसान्तसम्म कार्य सम्पादन मुल्यांकनको आधारमा म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिन स्वीकृतिका लागि सभामा पेश गर्ने ।

१७. आपतकालीन बाल उध्दारका लागि बालबालिका ऐन २०७५ तथा बाल अधिकार समिति संचालन तथा ब्यवस्थापन कार्यविधि २०७९ अनुसार वाल कोष र कर्मचारी कल्याण कोष स्थापनाका लागि खाता नेपाल बैंकमा खाता संचालन गर्न सरकारी कारोबार निर्देशिका, २०७६ को बुँदा नं. ४.५.१ बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

१८. यस नगरपालिकाको कार्यक्रम तथा सेवालाई अझ बढी प्रभावकारी र ब्यवस्थित रुपमा संचालन गर्न देहाय बमोजिमका कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने:

क. कर्मचारी कल्याण कोष संचालन तथा ब्यवस्थापन कार्यविधि, २०८०

ख. नगर बस सेवा संचालन तथा ब्यवस्थापन कार्यविधि, २०८०

ग. सामुदायिक मेलमिलाप केन्द्र संचालन कार्यविधि, २०८०

१९. यस नगरपालिकाको देहाय बमोजिमका ऐन तथा आवधिक योजनाहरु स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

क. भेरी नगरपालिकाको आर्थिक बिधेयक, २०८०

ख. भेरी नगरपालिकाको बिनियोजन बिधेयक, २०८०

ग. भेरी नगरपालिकाको स्थानीय वन बिधेयक, २०८०

घ. भेरी नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (सन् २०२३-२०३३)

२०. एक मावि एक स्टाफ नर्स कार्यक्रम अन्तर्गतको कार्यक्रम यस नगरपालिकामा समेत सँचालन गर्न प्रदेश तथा संघ सरकारलाई अनुरोध गर्न नगरसभामा पेश गर्ने ।

२१. यसपालिका अन्तर्गत रहेका तपसिलमा उल्लेखित विद्यालयहरुमा निम्न तहमा कक्षा थपको अनुमति दिइएको र कुनै पनि दरवन्दी नभएकोले कम्ति १/१ वटा दरवन्दी उपलब्ध गराउने साथै बालविकास केन्द्र नभएका विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा बालविकास केन्द्र सञ्चालनका लागि जम्मा ११ विद्यालयहरुमध्ये कम्तिमा आव २०८०/८१ देखि ५ (पाँच) वटा बालविकास केन्द्र स्थापनाका लागि नगर सभामा प्रस्ताव पेश गर्ने।



CamScanner

तपसिल

| क्र स | विद्‍यालय नाम र ठेगाना | तह | कैफियत |
|---|---|---|---|
| १ | श्री सरस्वती मावि पुन्मा | माध्यमिक तह (११-१२) | नगर वा संघीय अनुदान |
| २ | श्री भैरव मावि भूरचौर | माध्यमिक तह (९-१०) | नगर वा संघीय अनुदान |
| ३ | श्री जनविकास आवि बुरुङ्गे | बालविकास | पाँचतारा युवा संरक्षणा मंचको साझेदारीमा |
| ४ | श्री शिवशंकर मावि जगतिपुर | बालविकास | पाँचतारा युवा संरक्षणा मंचको साझेदारीमा |
| ५ | श्री शिवशक्ति प्रावि लामाकाँटिया | बालविकास | पाँचतारा युवा संरक्षणा मंचको साझेदारीमा |
| ६ | नेरा प्रावि तिमिले | बालविकास | पाँचतारा युवा संरक्षणा मंचको साझेदारीमा |
| ७ | प्रगतिशिल बालविकास केन्द्र छपेनी | बालविकास | पाँचतारा युवा संरक्षणा मंचको साझेदारीमा |

२२. नगर कार्यपालिकामा मनोनित ८ जना कार्यपालिका सदस्यहरुलाई मासिक रु २५०० यातायात खर्च उपलब्ध गराउन स्वीकृतिका लागि सभामा पेश गर्ने ।

२३. साझेदार निकाय गैरसरकारी संस्थाहरुलाई देहाय बमोजिमका संस्थाहरुलाई देहाय बमोजिमको बजेट समपुरक कोषबाट उपलब्ध गराउन स्विकृतिका लागि नगर सभामा पेश गर्ने ।

क. पहाडी क्षेत्र विकास अभियान, जाजरकोटः नमुना वाल विकास केन्द स्थापना रु १८ लाख

ख. पाँचतारा युवा संरक्षक मंच, जाजरकोटः आवश्यकतामा आधारित परियोना संचालन रु २० लाख

ग. CMC नेपाल, जाजरकोटः द्वन्द प्रभावितहरुका लागि मनोसामाजिक कार्यक्रम र विध्यालय मानसिक स्वास्थ्य कार्यक्रम संचालनका लागि रु १२ लाख

२४. जाजरकोट जिल्लाको कला, संस्कृति तथा ऐतिहासिक सम्पदा संरक्षणका लागि जाजरकोट सम्पदा संरक्षण प्रतिष्ठानसंग समन्वय गरी सहकार्यका लागि आवश्यक बजेट तर्जुमाका लागि नगरसभामा पेश गर्ने ।

२५. नगरपालिकाबाट दैनिक सेवा प्रवाह गर्ने क्रममा आ.व. २०७९।८० को श्रावण १ गते देखि हालसम्म नगर प्रमुखज्यूको तोक आदेशबाट भए गरेका सम्पूर्ण काम कारवाही अनुमोदनका लागि सभामा पेश गर्ने ।

२६. मिति २०८०।२।२२ गते राती आएको हावा हुरीले तपसिलमा उल्लेखित बिद्यालयको छाना उडाएकोले तत्काल छाना मर्मतको लागि तपसिलमा उल्लेखित रकम विपद् ब्यवस्थापन कोष शिर्षकबाट उपलब्ध गराउन स्वीकृतिका लागि सभामा पेश गर्ने ।

| क्र.स. | बिद्यालयको नाम | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १. | दुर्गा प्रा.वि. नुवागाउँ, वडा नं. १० | १ लाख ५० हजार | |
| २. | ने.रा.प्रा.वि. तिमिले, वडा नं. २ | २ लाख | |

२७. ने.रा.आ.वि. सालटाकुरा वडा नं. ५ को विद्‌यालयमा फर्निचर निर्माणका लागि रु २ लाख बजेट चालु आ.व. को समपुरक कोषबाट उपलब्ध गराउने ।

२८. लघु उध्धम् विकास कार्यक्रम अन्तर्गत चालु आ.व. मा वडा नं. ४ मा संचालित स्तरोन्नति कार्यक्रमतर्फ ढाँका बुनाई तालिमको अवधि १ महिना रहेकोमा सो तालिम अपुरो हुने भएकोले उक्त तालिमको अवधि १ महिना थप गर्ने र सोको लागि अपुग हुने रकम रु १ लाख २० हजार रुपैयाँ चालु आ.व.को समपुरक अनुदानबाट उपलब्ध गराउने ।

२९. बिभिन्न योजनाहरु तथा अधुरा आयोजनाहरुको लागि कार्यालयको ब्याक हु लोडर संचालन गर्नु परेकोले इन्धन शिर्षकमा बिनियोजित रकम अपुग हुन गई कार्यालयले प्रयोग गर्ने ट्रयाक्टर, गाडी, मोटरसाईकल तथा जेनेरेटरमा प्रयोग हुने तेलको रकम भुक्तानी गर्नु पर्ने रकम रु १३ लाख तथा ब्याक् हो लोडर मर्मतबापत ६ लाख रुपैयाँ नगर प्रहरी शिर्षकमा बिनियोजित रकमलाई इन्धन शिर्षकमा रकमान्तर गरी भुक्तानी दिन स्वीकृतिको लागि सभामा पेश गर्ने ।

३०. न्यायिक समितिको आ व २०७९।८० को बार्षिक प्रतिवेदन सभामा पेश गर्ने ।

३१. यस नगरपालिकाको वडा नं. २ वरबारा दलित टोलमा खानेपानी योजना संचालनको लागि कुल लागत रु ४३,४७,७३१।- मध्ये गोरखा वेलफेयर ट्रष्टले रु २९,१०,९०७।-, उपभोक्ताहरुको तर्फबाट १४,३६,८२४।- ब्यहोर्ने गरी मिति २०७९।९।१३ मा सम्झौता भएको र उक्त आयोजनाबाट लाभान्वित हुने ३३ घरधुरी दलित तथा ६ घरधुरी अन्य गरी जम्मा ३९ घरधुरी सबै परिवारहरुको आर्थिक अवस्था ज्यादै कम्जोर रहेको र सबै घरपरिवारको जीवन गुजारा दैनिक ज्याला मजदुरीबाट गर्नु पर्ने अवस्थामा १४ लाख बराबरको श्रमदान गरी निर्धारित योजना सम्पन्न गर्न समस्या देखिएकोले श्रमदान गर्नु पर्ने रकम बराबरको बजेट ब्यबस्थाका लागि उपभोक्ताहरुले कर्णाली प्रदेश सरकारसंग अनुरोध गरेकोमा प्रदेश सरकारबाट रु १५ लाख बजेट स्वीकृत भई आएको र गोरखा वेलफेयर ट्रष्टको मिति २०७९।९।२९ गतेको पत्रबाट मुहान देखि रिजर्भ टंकीसम्मको पाइपलाईन खन्न पुर्न र पानीको मिटर खरिद गर्ने कार्यका लागि सहयोग उपलब्ध नभएकोले उक्त कार्यका लागि स्थानीय/संघ तथा प्रदेश सरकारबाट रकम बिनियोजन गरी कार्य संचालन गरेमा यस संस्थालाई कुनै आपत्ती नहुने जानकारी समेत हुन आएकोले भेरी नगरपालिका र उपभोक्ता समितिबीचमा मिति २०७९।१०।३ मा सम्झौता भई कार्य सम्पन्न समेत भएको देखिएको हुँदा प्राविधिक मुल्याङ्कनको आधारमा रकम भुक्तानी दिन स्वीकृतिका लागि सभामा पेश गर्ने ।

३२. संघीय सरकारको बिशेष अनुदान रु ६५ लाख र प्रदेश सरकारको बिशेष अनुदान रु ३५ लाख गरी जम्मा रु १ करोड रकमबाट लागु औषधको दुर्व्यसनमा फसेका युवाहरुको उपचार, रोकथाम तथा पुनर्स्थापना तथा र जनजागरण जस्ता कार्यक्रमका साथै भेरी नगरपालिकाका युवाहरुलाई खेलकुद तथा अन्य रचनात्मक कार्यक्रमहरु लगायत रोजगार तथा आयमुलक तालिमहरु संचालन गर्न युवा परिचालन कार्यक्रम संचालन गर्न स्वीकृतिका लागि सभामा पेश गर्ने ।

३३. नेपाल नगरपालिका संघको केन्द्रिय कार्यालय संचालनका लागि भवन निर्माण गर्न आवश्यक भएको र सोको लागि नगरपालिका सघमा आफ्नै बजेट श्रोत नभएकोले सबै नगरपालिकाबाट सहयोग माग गर्ने निर्णय बमोजिम यस नगरपालिकामा पनि अनुरोध भई आएकोले रु ५ लाख बजेट व्यवस्थाका लागि सभामा पेश गर्ने ।

३४. जिल्ला प्रहरी कार्यालय जाजरकोटको कार्यालय प्रमुख आवास भवन पुरानो भई तत्काल मर्मत गर्नु परेको र सोको लागि कार्यालयमा बजेट नभएकोले मर्मत बापतको बील भुक्तानीका लागि अनुरोध भई आएकोले चालु आ.व. २०७९।८० को खर्च नभई बाँकी हुने शिर्षकबाट खर्च लेख्ने गरी रु १ लाख ५० हजार उपलब्ध गराउन स्वीकृतिका लागि सभामा पेश गर्ने ।

३५. महालेखा परिक्षकको आ.व. २०७८।७९ को बार्षिक लेखा परिक्षण प्रतिवेदन छलफलका लागि नगरसभामा पेश गर्ने ।

३६. नगर क्षेत्रको सुशासन सुदृढिकरण, फोहर व्यवस्थापन, बजार अनुगमन, ट्राफिक व्यवस्थापन, सार्वजनिक क्षेत्रको संरक्षण लगायत अन्य नगरपालिकाले तोकेका कार्यहरु गर्न नगर प्रहरी अति आवश्यक भएकोले आवश्यक बजेट व्यवस्था गरी नगर प्रहरी भर्ना गर्न स्वीकृतिका लागि सभामा पेश गर्ने ।

३७. यस नगरपालिकाको खानेपानी समस्या रहेका गाउँ बस्तीमा खानेपानी योजना निर्माणका लागि एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम, हेल्भीटास नेपालसंग साझेदारी तथा सहकार्य अगाडी बढीरहेको र पहिलो चरणमा संभाव्यता अध्ययनबाट उपयुक्त रहेका तपसिलमा उल्लेखित योजना निर्माणका लागि अनुमति दिन स्वीकृतिका लागि सभामा पेश गर्ने ।

क. डोढारे दमाईगाउँ हुँदै कामीगाउँसम्म खानेपानी आयोजना वडा नं. ७
ख. पाखेपुल ताउलेटोल हुँदै लामाचौर सम्म खानेपानी आयोजना वडा नं. ७
ग. भाँगाबारी कोल्नपाखा खानेपानी आयोजना वडा नं. २
घ. लिस्नेगौरी आटा धारखर्क खानेपानी आयोजना वडा नं.८
ङ. मैरापाखा खानेपानी आयोजना मैदे तल गाउँ वडा नं. १
च. राङसी गतेरा खानेपानी आयोजना वडा नं. २
छ. भारती भण्डारी गाउँ खानेपानी आयोजना वडा नं.१२

३८. चालु आ.व. २०७९।८० मा संचालन भई कार्य सम्पन्न भएका र अन्तिम भुक्तानीका लागि अनुगमन समितिले सिफारिस गरेका सम्पुर्ण निर्णयहरु फरफारकका लागि सभामा पेश गर्ने ।



CamScanner

३९. चालु आ.व.२०७९।८० को शासकीय सुधार तथा पूर्वाधार आयोजना NUGIP अन्तर्गत वडा नं. ३ को रेडक्रस भवन अगाडी रेलिङ्ग सहित आर.सि.सि. सडक निर्माण आयोजना संचालनका लागि रु ७ लाख बिनियोजन भई निर्माण कार्य  शुरु भएकोमा निर्माण गर्ने क्रममा रु ५ लाख बरारबरको थप काम गर्न आवश्यक देखिएकोले थप कामको रकम भुक्तानी दिन आवश्यक रकम रु ५ लाख शासकीय सुधार तथा पूर्वाधार आयोजना NUGIP को खर्च नभई बाँकी हुन आउने रकमबाट भुक्तानी दिन स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

CamScanner